**प्रस्तावना :**

सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानपूर्ण, स्वतन्त्र, अवरोधमुक्त र आत्मर्निभर जीवनयापनका साथै सार्थक समावेशीताका लागि उपयुक्त रोजगारी सहित आवश्यक सामाजिक, आर्थिक तथा भैातिक पूर्वाधार एवं सुविधाहरु उपलब्ध गराउनका लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दस्तावेजहरुको नेपाल पक्षराष्ट्र भइ विभिन्न कानुनी व्यवस्थाहरु तर्जुमा भैसकेको र अपाङ्गता अधिकार ऐन २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२१ को उपदफा ११ (त)मा प्रचलित निर्देशिका, कार्यविधिहरुको स्थानीय तहले आवधिक तथा वार्षिक विकास कार्यक्रम/आयोजनाहरुको तर्जुमा र कार्यान्वयन गर्दा स्थानीय तहमा, विषयगत कार्यालयहरु तथा अन्य गैरसरकारी निकायबाट अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालन हुने कार्यक्रमहरुलाई पारदर्शी, जनमूखी, प्रभावकारी बनाई उपलब्धिपूर्ण र समावेशी बनाउन अपाङ्गताको क्षेत्रमा सञ्चालित कार्यक्रमहरुमा दोहोरोपना हटाई अपाङ्गता भएका व्यक्तिका आवश्यकतामा आधारित कार्यक्रमहरुको तर्जुमा गर्नु कार्यक्रमहरुको कार्यान्वयनमा स्वामित्व, संलग्नता तथा प्रतिफलमा समेत पहुँच अभिवृद्धि गर्न र अपाङ्गता भएका व्यक्तिहरुसँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहयोग र समन्वय गर्न अपाङ्गता भएका व्यक्तिहरुको समुह गठन, परिचालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले ग्रामथान गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा १ र २ मा उल्लेख भएको व्यवस्था वमोजिम "अपाङ्गता भएका व्यक्तिहरुको समुह (**DPO**) व्यवस्थापन तथा परिचालन सम्वन्धि कार्यविधि २०७७" तर्जुमा गरी जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.** **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "अपाङ्गता भएका व्यक्तिहरुको समुह (**DPO**) व्यवस्थापन तथा परिचालन सम्वन्धि कार्यविधि २०७७" रहेकोछ ।

**२.** **परिभाषा** :

१. बिषय वा प्रसंगले र्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले दफा ६ बमोजिमको समितिको अध्यक्ष सम्भनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले दफा ६ बमोजिमको उपाध्यक्ष सम्भनुपर्छ ।

(ग) "सदस्य" भन्नाले संजाल तथा समुहको सदस्य सम्भनुपर्छ



(घ) "संजाल" भन्नाले दफा ४ बमोजिम गठन भएको पालिकास्तरीय अपाङ्गता सञ्जाललाई सम्भनुपर्छ ।

(ङ) "समुह" भन्नाले दफा ५ बमोजिम गठन भएको वडास्तरीय अपाङ्गता समुहलाई सम्भनुपर्छ ।

## परिच्छेद-२
## उद्देश्य

**३.** **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :

(क) विभिन्न प्रकारका अपाङ्गता भएका नेपाली नागरिकहरूको पहिचान गरी उनीहरुलाई सेवा सुविधामा पहुँच स्थापित गर्न, त्यस्ता सेवा सुविधाहरुको लागि योजना निर्माण गर्न ती योजनाहरुको कार्यान्वयनमा सहज तुल्याउने

(ख) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावलीमा नेपाल सरकारले जनाएको प्रतिबद्धता बमोजिम अपाङ्गता भएका व्यक्तिलाई विभिन्न सेवा सुविधाहरु उपलब्ध गराउन सहज बनाउने ।

(ग) अपाङ्गता भएका व्यक्तिहरुको समग्र विकासका लागि विभिन्न योजना निर्माण, नीति नियम निर्माण, तथा कार्यान्वयन गर्न साथै कार्यक्रम निर्माण तथा कार्यान्वयनमा उहाँहरुको सहभागिता,साथ,सहयोग सुनिश्चित गर्न ।

## परिच्छेद ३
## अपाङ्गता भएका व्यक्तिको समुह तथा सञ्जाल

**(४)** **सञ्जाल गठन :**

(१) अपाङ्गता भएका व्यक्तिहरुको मूलप्रवाहीकरण, सशक्तीकरण, क्षमता विकास र गरिबी निवारणका क्षेत्रमा स्रोत साधनबाट अपेक्षित उपलब्धी हासिल भई लक्षित वर्गले सन्तोषजनक प्रतिफल प्राप्त गर्ने कार्यमा सहयोग पुऱ्याउन ग्रामथान गाउँपालिकाका वडा तथा गाउँपालिका स्तरमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुको समन्वय गर्नको लागि "ग्रामथान गाउँपालिका अपाङ्गता सञ्जाल " नामको एक संजाल गठन हुनेछ

(२) उपदफा (१) बमोजिमको संजालमा देहायका सदस्यहरु रहनेछन् :-

(क) अध्यक्ष

ख) उपाध्यक्ष १ जना

(ग) सचिव १ जना

(घ) सह सचिव १ जना

(ङ) कोषाध्यक्ष १ जना

(च) शारीरिक अपाङ्गता भएका व्यक्तिहरु मध्येवाट १ जना महिला सहित सदस्य ३ जना

छ) दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरु मध्येवाट १ जना महिला सहित सदस्य २ जना

(ज) बहिरा अपाङ्गता भएका व्यक्तिहरु मध्येवाट १ जना महिला सहित सदस्य २ जना

(झ) स्वयम् बौद्धिक अपांगता भएका ,वौद्धिक तथा पूर्ण अशक्त अपाङ्गता भएका अभिभावकहरु मध्येवाट ३ जना सदस्य

(ञ) स्वरवोलाई अपाङ्गता भएका व्यक्तिहरु मध्येवाट सदस्य १ जना

(३) संजालको मातहतमा रहने गरि प्रत्येक वडाहरुमा अपांगता वडा समुह गठन भई परिचालन गरिनेछन् ।

(४) उपदफा (३) बमोजिमको समुहमा देहायका सदस्यहरु रहनेछन् :- १. अपांगताको प्रकारलाई ध्यानमा राखी समाबेशिताका आधारमा वडा कार्यालयसंगको समन्वयमा ५ देखि ९ जना सम्मको समितिको पदाधिकारी राखिनेछ ।

(५) उपदफा ३ वमोजिम अपाङ्गताको प्रकार वमोजिम गठन गर्दा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव र कोषाध्यक्षको पदका लागि निर्वाचनको वखत गोला प्रथावाट शारीरिक,दृष्टि विहीन,बहिरा र बौद्धिक अपाङ्गता वर्गवाट प्रतिनिधित्व हुने गरि तय गरिनेछ । गोलाप्रथावाट पदको उम्मेद्वार तय भै सकेपश्चात जुन वर्गलाई उपाध्यक्ष, सचिव, सह सचिव र कोषाध्यक्षको पद छानिएको हुन्छ सोही वर्गवाट मात्र उम्मेद्वार हुन पाइनेछ । उफदफा ३ वमोजिम अपाङ्गताको वर्ग अनुसार रिक्त रहेमा वा उम्मेद्वारी नपरेमा सम्वन्धित वर्गसँगको परामर्शमा संजाल/समुहले मनोनित गर्नेछ । अध्यक्ष र उपाध्यक्षको हकमा एक जना महिलाको प्रतिनिधित्व अनिवार्य हुनेछ ।



**(५) समुह गठनः**

ग्रामथान गाउँपालिकाका वडाहरुमा समेत समावेशीतालाई मध्धनजर गर्दै सोही अनुसार प्रत्येक वडामा अपाङ्गता वडा समुह गठन गरिनेछ ।

(१) संजाल/समुहका निर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ वर्षको हुनेछ ।

(२) संजाल/समुहको बैठकमा लगातार तीन पटक सम्म बिना सुचना अनुपस्थित रहेमा एक पटक सफाईको मौका दिईनेछ सो सम्वन्धमा चित्तबुझ्दो जवाफ प्राप्त नभएमा वा जवाफ प्राप्त नभएमा पदबाट मुक्त गरिनेछ ।

**६. संजाल/समितिको काम, कर्तव्य र अधिकारः-**

**१. संजाल/समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-**

(क) अपाङ्गताका क्षेत्रसँग सम्बन्धित सञ्चालित, ग्रामथान गाउँपालिका, वडा कार्यालय, सरकारी एवं गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको तर्जुमामा, कार्यान्वयनमा, सहजीकरण, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) दफा ४को उपदफा १(क) बमोजिम अपाङ्गता लक्षित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन , अनुगमन, समन्वय र सहजीकरण गर्ने कार्य गाउँपालिका स्तरीय संजालले सम्पूर्ण गाउापालिका क्षेत्रभित्र र वडा समितिको हकमा वडाभित्र कार्य क्षेत्र रहने छ ।

(ग) समावेशीता र अपाङ्गता भएका व्यक्तिहरुका लागि वनेका नीतिगत व्यवस्थाको आधारमा अपाङ्गता लक्षित कार्यक्रमहरुमा विनियोजित बजेटबाट लक्षित वर्ग लाभान्वित हुने अवस्था सुनिश्चितका लागि समन्वय र सहजीकरण गर्ने,

(घ) नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तहका बिषयगत कार्यालयहरु, अर्न्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाहरुलाई अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण, चेतना विकास र प्रत्यक्ष लाभान्वित हुने कार्यक्रमहरु तर्जुमा गर्नको लागि सिफारिश गर्ने,

(ङ) सामुदायिक संस्था, समिति तथा समूहरुको संस्थागत क्षमता विकास र सशक्तिकरण गरी उनीहरुका माग तथा

आवश्यकताहरु सम्बन्धित निकायहरुमा पुऱ्याउन सहयोग र समन्वय गर्ने,

(छ) अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संघ, संस्था तथा यसका सदस्यहरुको क्षमता विकास र सशक्तिकरण गर्ने, गराउने,

(ज) अपाङ्गता भएका व्यक्तिको सहभागिता, शसक्तिकरण तथा विकासका लागि र अन्य कार्यान्वयनमा रहेका कानून, ऐन, नियमावली, ,निर्देशिका,कार्यविधि नीति, रणनीतिहरुमा भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसूचित गर्ने,

(झ) अपाङ्गता सम्बन्धी कार्यक्रमहरु (मनोरंजन तथा खेलकुद) कार्यान्वयनको लागि आवश्यक सहयोग उपलव्ध गराउन

ञ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ बमोजिम गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिसँग समन्वय गरी उक्त नीति कार्यान्वयनको लागि सहयोग तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ट) विभिन्न निकायहरुबाट अपाङ्गता भएका व्यक्तिको लागि मात्र लक्षित कार्यक्रमहरुको बजेट तथा कार्यक्रमको स्थान र विषयगत क्षेत्र अनुसारको अभिलेख अध्यावधिक गरी राख्ने ।

(ठ) विभिन्न संघ, संस्था तथा निकायबाट गठन हुने उपभोक्ता समिति, समूह वा संस्थामा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्वको सुनिश्चितताका लागि पहल गर्ने,

(ड) स्थानीय तहहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परिक्षण नीति अनुसारको लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तजुमा तथा कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,

(ढ) विषयगत शाखाहरु तथा स्थानीय तहबाट सञ्चालित अपाङ्गता भएका व्यक्तिहरुको लागि लक्षित कार्यक्रमको कार्यान्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचार प्रसार गर्ने,

(ण) अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गता सम्वन्धि नीतिगत व्यवस्थाहरुको स्थानीय तहमा कार्यान्वयनका लागि सहजीकरण गर्ने,



(त) स्थानीय तहमा अपांगता भएका व्यक्तिहरुको लागि तर्जुमा गरिएको कार्यक्रमहरुको कार्यान्वयन गर्ने गराउने ।

**७. संजाल/समुहको बैठक सम्बन्धी व्यवस्था :**

(१) संजाल/समुहको बैठक १ बर्षमा कम्तीमा ६ पटक बस्नेछ ।

(२) संजाल/ समुहको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) संजाल/समुहको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगावै संजाल/समुहको सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनुपर्नेछ ।

(४) संजाल/समुहको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) संजाल/समुहको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(६) पालिकास्तरीय संजाल गठन गर्दा प्रत्येक वडाहरुमा गठित वडा समुहमा कम्तीमा समावेशीताको आधारमा २ जनालाई प्रतिनिधिको रुपमा वडाको भेलाले निर्णय गरि पठाउँनुपर्नेछ ।

**८. अपाङ्गता सम्वन्धि वडा स्तरीय समुह र पालिका स्तरीय संजालले पालना गर्नुपर्ने आचारसंहिता**

(१) संवैदनशिल भै सेवाग्राहीका आवश्यकताहरु पहिचान तथा कार्यान्वियन गर्ने ।

(२) अपांगता मैत्री व्यवहार प्रर्दशन गर्ने गराउने ।

(३) सेवाग्राहीलाई कुनै प्रश्न सोध्दा झर्केर वा हतोत्साही हुनेगरि नसोध्ने ।

(४) माग गरेको सेवा दिन कति ढिला हुन्छ वा कति समय लाग्छ भन्ने वारेमा सेवाग्राहीलाई प्रष्ट रुपमा जानकारी गराउँने साथै कुन सेवा कहाँबाट प्राप्त हुन्छ भन्ने बारेमा समेत सुसूचित गर्ने ,गराउने ।

(५) अपाङ्गताको अवस्था हेरि सेवाग्राहीलाई सेवा लिदा गर्नुपर्ने सेवा तथा सहयोगमा प्राथामिकता दिने ।

(६) सुचनाहरु उपलब्ध गराउँदा सकेसम्म कम लागतमा गर्नेगरि र मितव्ययितालाई ध्यानमा राखि उपलब्ध गराउने ।

(७) परामर्श दिदा कुनै कुरा गोप्य रुपमा गर्नुपर्ने भएमा परामर्श कक्षमा लगेर मात्र दिने र गोपनियतालाई विशेष ध्यान दिने ।

(८) परामर्शको क्रममा व्यक्तिको भावनामा ठेस पुग्नेगरि कुनै कुराहरु खोतल्ने वा भन्ने कार्य नगर्ने ।

(९) परामर्शको क्रममा यदि आवश्यक भएतापनि व्यक्तिले आफ्ना कुनै व्यक्तिगत सुचनाहरु दिन नचाहेमा दिन वाध्य नपार्ने ।

(१०) परामर्शको क्रममा जानकारीमा आएका वा थाहा भएका कुनै पनि व्यक्तिका व्यक्तिगत सुचनाहरुलाई वाहिर कतै पनि भन्ने वा सार्वजनिक गर्ने काम नगर्ने ।

## परिच्छेद ४

अभिलेख सम्बन्धी व्यवस्था

९. **उपलव्ध गराइएका सेवा सुविधाहरुको अभिलेख** :
सुचना तथा परामर्श केन्द्रवाट दैनिक प्रत्यक्ष रुपमा सेवा सुविधा प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख दुरुस्त राखिनेछ । यसरी अभिलेख राख्ने जिम्मेवारी सुचना केन्द्रको लागि तोकीएको कर्मचारीको हुनेछ । प्रत्यक्ष सेवा लिनेहरुको अभिलेखको ढाँचा अनुसूची १ मा उल्लेख भए अनुसार राखिनेछ । उपलव्ध गराइएका सेवा तथा सेवाग्राहीहरुको विवरणलाई विश्लेषण र वर्गिकरण गरी आवश्यक प्रतिवेदन तयार गर्ने र सहज हुने गरि अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

**(१०) अपांगता सम्वन्धि कार्यक्रम :** सामाजिक क्षेत्रमा क्रियाशिल सरकारी, निजी तथा गैरसरकारी संघसंस्थाहरुले ग्रामथान गाउँपालिका र वडा स्तरमा कार्यक्रम संचालन गर्दा गठित सञ्जालसँग समन्वय र सहकार्यमा कार्य गर्नुपर्नेछ ।

**(११) संजाल/समितिको कार्यालय :** अपाङ्गता भएका व्यक्तिहरुको वडा स्तरीय समिति तथा पालिकास्तरीय संजालको कार्यालय सम्वन्धित वडा कार्यालय र गाउँपालिकामा रहनेछ ।

**(१२) निर्देशन दिन सक्नेः** ग्रामथान गाउँपालिका तथा अपाङ्गता समन्वय समितिले आवश्यक निर्देशन दिन सक्नेछ । त्यसको पालना गर्नु संजाल/समितिको कर्तव्य हुनेछ ।

**(१३) संशोधन तथा हेरफेरः** यस कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्नु परेमा गाउँकार्यपालिकाको निर्णयबाट गर्न सक्नेछ ।



**(१४) अमान्य हुने :** यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित कानुनसँग वाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

## परिच्छेद ५
## विविध

**(१५) कार्यविधि लागु हुने :** यो कार्यविधि ग्रामथान गाउँ कार्यपालिकाको वैठकवाट स्विकृत भएको मितिबाट लागु हुनेछ ।

**(१६)** अपाङ्गता भएका व्यक्तिहरुका लागि नेपाल सरकारले तय गरेका नीतिगत व्यवस्थाहरु र स्थानीय आवश्यकतामा आधारित सेवाहरुमा पहुँच अभिवृद्धि उचित प्रवन्ध भएमा अपाङ्गता मैत्री गाउँपालिकाका लागि समितिले समन्वय र सहजीकरण गर्नेछ ।

अनुसूची १

अपाङ्गता सञ्जाल मार्फत सेवा प्रवाह गरिएका  सेवाग्राहीहरुको अभिलेख

| क्र.स. | गते | सेवाग्राहीको नाम | ठेगाना | लिंग | अपाङ्गता प्रकार | सुचना दिने व्यक्ति | लिएको सुचना, परामर्श वा सिफारिस | सेवाग्राहीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | १ | | | | | | | |
| | २ | | | | | | | |
| | ३ | | | | | | | |
| | ४ | | | | | | | |
| | ५ | | | | | | | |
| | ६ | | | | | | | |
| | ७ | | | | | | | |
| | ८ | | | | | | | |
| | ९ | | | | | | | |
| | १० | | | | | | | |
| | ११ | | | | | | | |
| | १२ | | | | | | | |
| | १३ | | | | | | | |
| | १४ | | | | | | | |
| | १५ | | | | | | | |